राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १२ | अंक ३४९ | २०८२ भाद्र १५ गते आईतवार | (Sunday, 31 Aug, 2025) | पृष्ठ ४ | मुल्य रु. ५

### राजधानी केन्द्रित आन्दोलनबाट फर्किए उखु किसान

## राजमार्ग बन्द गर्ने घोषणा




**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, भाद्र १४ गते ।**

आन्दोलनरत उखु किसानले भदौ २५ देखि राजमार्ग अवरुद्ध गर्ने भएका छन् । शनिबार उखु उत्पादक महासंघ र उखु उत्पादन हुने जिल्ला संघहरूको बैठकले अनिश्चितकालीन रूपमा राजमार्ग बन्द गर्ने निर्णय गरेको हो ।

'संयुक्त बैठकबाट माग सम्बोधन गराउनका लागि थप निर्णायक आन्दोलन अपरिहार्य रहेकोले सशक्त आन्दोलनका लागि सबै जिल्लाका उखु किसानहरूको सक्रिय सहभागितामा सर्लाहीको हरिवनमा २५ गते बुधबारबाट अनिश्चितकालीन राष्ट्रिय राजमार्ग अवरुद्ध गर्ने सर्वसम्मत निर्णय भएकाले सो परिस्थितिमा उत्पन्न हुने प्रतिकूल वातावरणको जिम्मेवार नेपाल सरकार, अर्थ मन्त्रालय र सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद् हुने जानकारी सबैमा अनुरोध छ', बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ ।

किसानले पाउनुपर्ने अनुदान रकमलाई गैर जिम्मेवार ढङ्गबाट कटौती गरिनु अत्यन्त निन्दनीय कदम रहेको उनीहरुको भनाई छ । 'सरकार भनेको आम जनताको अभिभावक हो तर पटक पटक आम मेहनती किसानलाई धोका दिनु भनेको किसानको आत्म सम्मानमा ठेस पुराउनु हो', विज्ञप्तिमा भनिएको छ ।

सरकारले दिँदै आएको प्रतिक्विन्टल ७० बाट घटाएर ३५ रुपैयाँमात्रै दिने निर्णयले किसानहरू आन्दोलित बनेका छन् । काठमाडौं केन्द्रित आन्दोलन गरेका उखु किसानले शुक्रबार कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीसँग वार्ता गरेका थिए । वार्ताका क्रममा उखु किसानहरूले प्रति क्विन्टल ७० रुपैयाँ अनुदान नदिए भदौ २५ गतेदेखि तराईको हाइवे केन्द्रित आन्दोलन गर्ने चेतावनी दिएका थिए ।

वार्तामा उखु किसानले प्रतिक्विन्टल ७० रुपैयाँ अनुदान दिनुपर्ने माग राखेको उखु किसान संघर्ष समितिका प्रवक्ता उमेश यादवले बताए । मन्त्री अधिकारीले त्यसको ग्यारेण्टी गर्न नसकेपछि सरकार र पीडित उखु किसानबीचको वार्ता निष्कर्षविहीन टुंगिएको थियो । त्यसपछि शनिबार उखु उत्पादक महासंघ र उखु उत्पादन हुने जिल्ला संघहरूको बैठकले अनिश्चितकालीन रूपमा राजमार्ग बन्द गर्ने निर्णय गरेको हो ।

कृषि मन्त्रालयको वार्षिक बजेटमा नै २ अर्ब रुपैयाँ उखु किसान अनुदान दिने भनेर छुट्याउँदा अर्थ मन्त्रालयले बजेट रोकेको उखु किसानहरुको आरोप छ ।

**उखुको मूल्य तोक्न माग**

किसानहरूले खेतमा तयारी हुन लागेको नयाँ उखुको भाउ तोक्न सरकारसँग माग गरेका छन् । केन्द्रीय उखु किसान संघर्ष समितिका सहसंयोजक राजकुमार उप्रेतीका अनुसार उखु क्रसिङ सिजन आव २०८२/८३ का लागि उद्योगी तर्फबाट प्रतिक्विन्टल एक हजार रुपैयाँ सुपथ मूल्य दिनुपर्छ । त्यसैगरी सरकारले सुपथ मूल्यबाहेक प्रतिक्विन्टल एक सय रुपैयाँ

*- बाँकी पृष्ठ ३ मा*

## हिरा गौतमलाई 'बर्दिबास वर्ष व्यक्ति सम्मान'




**द पब्लिक टुडे समाचारदाता**
**ढल्केवर, भाद्र १४ गते ।**

सफल होटल व्यवसायी एवं समाजसेवी हिरालाल गौतम 'बर्दिवास वर्ष व्यक्ति सम्मान'बाट सम्मानित भएका छन् । उनलाई महोत्तरीको बर्दिबासस्थित रहेको 'सबैका लागि हामी' संस्थाले शनिबार उक्त सम्मान प्रदान गरेको हो ।

बर्दिवासस्थित होटेल पावन मिथिलामा संस्थाले आफ्नो तेस्रो वार्षिक साधारणसभाको अवसरमा आयोजित कार्यक्रममा नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेश अध्यक्ष एवं गौतम होटलका सञ्चालकसमेत रहेका गौतमलाई 'बर्दिवास वर्ष व्यक्ति सम्मान-२०८१' प्रदान गरिएको संस्थाका अध्यक्ष रवि निरौलाले जानकारी दिए । यसअघि पहिलो संस्करणमा समाजसेवी कृष्ण प्रसाद देवकोटा उक्त सम्मानबाट सम्मानित भएका थिए ।

सम्मान ग्रहण गर्दै व्यवसायी गौतमले आफ्नो नेतृत्वकालीन गतिविधिको कदर गरेकोमा संस्थाप्रति आभार व्यक्त गर्दै पर्यटन व्यवसायलाई अझ मजबुत बनाउन निरन्तर लाग्ने प्रतिबद्धता जनाए ।

बर्दिबास नगरपालिकाका नगरप्रमुख प्रह्लादकुमार क्षेत्रीको प्रमुख आतिथ्यमा सम्पन्न साधारणसभामा महासचिव विशाल दर्नालले संस्थाको वार्षिक प्रतिवेदन पेश गरेका थिए । सोही अवसरमा संस्थाको तीन वर्षे यात्रालाई प्रतिबिम्बित गर्ने वृत्तचित्र प्रदर्शन गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि नगरप्रमुख प्रह्लाद कुमार क्षेत्रीले संस्थाले गरेका सामाजिक कार्यहरूको प्रशंसा गर्दै नगरपालिकाबाट निरन्तर सहयोग रहने प्रतिबद्धता जनाए ।

## मुख्यमन्त्री सिंह स्विट्जरल्याण्ड प्रस्थान

**जनकपुरधाम :** मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह स्विट्जरल्याण्डका लागि प्रस्थान गरेका छन् । उनी त्यहाँ आयोजना हुने एक कार्यक्रममा सहभागी हुन शनिवार त्यसतर्फ प्रस्थान गरेका हुन् । यही अगस्ट ३१ देखि सेप्टेम्बर ६ सम्म आयोजना हुने कार्यक्रममा सहभागी हुन मुख्यमन्त्री सिंह त्यसतर्फ प्रस्थान गरेको मुख्यमन्त्री सिंहका प्रेस सल्लाहकार अवधेश झाले जानकारी दिए । भ्रमणका क्रममा सङ्घीय प्रणालीअन्तर्गत अन्तर-सरकारी सहकार्यलगायत विषयमा छलफल, अन्तरराष्ट्रिय अनुभव आदान-प्रदान गर्ने कार्यक्रम रहेको छ । उनको अनुपस्थितिमा भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवलाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी दिइएको छ ।

**विद्युतीय व्यापार (इ-कमर्स) मा ध्यान दिनुपर्ने कुराहरु**

- विश्वसनीय वेबसाइट वा मोबाइल एप पहिचान गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत जानकारी (जस्तै : OTP, पासवर्ड र बैंक विवरण) कसैसँग पनि साझा नगरौं,
- सुरक्षित डिजितल वालेट प्रयो गरौं,
- सामान खरिद गर्नु अघि राम्रोसँग विवरण पढेरमात्र खरिद गरौं,
- खरिद गरेको सामाग्री बिग्रीएको वा गलत आयो भने फिर्ता गर्न मिल्छ/मिल्दैन सो बारे जानकारी राखौं,
- फेसबुकलगायत अन्य संचारमाध्यममा देखिएको विज्ञापन लिंक खोल्नु अघि सावधानी अपनाउने गरौं,
- ठगीको मनासायले गरिने अत्यधिक सस्तो सामाग्री प्रति सचेत रहौं,
- आफूले प्रयोग गरिरहेको वस्तु वा सेवा प्रदान गर्ने फर्म कानुनी रुपमा दर्ता भए/नभएको एकिन गरौं,
- खरिद गरेका सामग्रीको विल सुरक्षित राखौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## होटल व्यवसायी महासंघ मधेश प्रदेशको छैठौं साधारणसभा सम्पन्न

**द पब्लिक टुडे समाचारदाता**
**ढल्केवर, भाद्र १४ गते ।**




नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेश समितिको छैठौं बार्षिक साधारणसभा सम्पन्न भएको छ । शनिवार धनुषाको लालगढस्थित गौतम होटेलमा महासंघ मधेश प्रदेशका अध्यक्ष हिरालाल गौतमको अध्यक्षता तथा बर्दिबास नगरपालिकाका नगर प्रमुख प्रह्लादकुमार क्षेत्रीको प्रमुख आतिथ्यमा उक्त साधारणसभा सम्पन्न भएको हो ।

साधारणसभालाई सम्बोधन गर्दै प्रमुख अतिथि नगरप्रमुख क्षेत्रीले नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशले सञ्चालन गरेको घुमौं मधेश बुझौं मधेश अभियान पर्यटन प्रवर्द्धनमा निकै प्रभावकारी कार्यक्रम रहेको भन्दै त्यस अभियानको खुलेर प्रशंसा गरे ।

उनले होटल तथा पर्यटन क्षेत्र मधेश प्रदेशकै आर्थिक विकास र रोजगारी सृजनाको महत्वपूर्ण आधार बन्न सक्ने बताए । पर्यटन विकासका लागि निजी-सार्वजनिक सहकार्य आवश्यक रहेको उल्लेख गर्दै उनले स्थानीय तह पनि पर्यटन प्रवर्द्धनमा साझेदार बन्ने प्रतिबद्धता जनाए । नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघको भवन निर्माणका लागि बर्दिबासमा जग्गा उपलब्ध गराउन बर्दिबास नगरपालिका प्रतिबद्ध रहेको नगरप्रमुख क्षेत्रीले बताए ।

नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशका अध्यक्ष हिरालाल गौतमले होटल तथा पर्यटन क्षेत्रलाई व्यवस्थित गर्न घुमौ मधेश बुझौ प्रदेश मार्फत पर्यटकिय गन्तव्यहरुको पहिचान गरिएको उल्लेख गरे । उनले प्रदेश तथा स्थानिय स्तरका समन्वयलाई अझ प्रभावकारी बनाउन महासंघ सक्रिय रहेको जनाए । उनले पर्यटन पूर्वाधार

*- बाँकी पृष्ठ ३ मा*

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय.............

### हैजा रोकथाम र नियन्त्रणका लागि सहकार्य जरुरी

पर्साको वीरगन्जमा एक सातादेखि सुरु भएको झाडापखाला तथा हैजा संक्रमणले सैकडौं मानिस संक्रमित भएका छन् । संक्रमित हुनेको संख्या बढ्दो छ । तीमध्ये अहिलेसम्म तीन जनाको मृत्यु पनि भइसकेको छ । हैजा अझै नियन्त्रित हुन सकेको छैन । हैजाले महामारीको रुप लिन थालेपछि व्यापारिक सहर वीरगन्जबाट सर्वसाधारण पलायन हुन थालेका छन् । पलायन हुनेहरुमा खासगरी डेरामा बस्ने, बाहिर पनि घर भएकाहरु तथा सानोतिनो व्यापार गरी बस्नेहरू छन् । त्यहाँ विभिन्न पेसा र व्यवसाय अपनाउने हजारौं भारतीय नागरिकहरु पलायन भइसकेका छन् । भारत जानेआउने प्रमुख नाका रहेको वीरगञ्जका सडक अहिले सुनसान देखिन्छन् । सबैतिर हैजाको त्रास देखिएको छ । हैजा ब्याकटेरियाका कारण हुने एक किसिमको सङ्क्रमण हो।सफा पानी र आधारभूत सरसफाइ नभएका ठाउँमा बस्ने मानिसहरू यस रोगबाट बढी संक्रमित हुने गर्छन् । खासगरी वर्षात्को मौसममा शुद्ध खानपिन र सरसफाइप्रति बेवास्ताको कारणले हैजा संक्रमण फैलिने गरेको देखिन्छ ।

तर यसको उपचार निकै प्रभावकारी र सहज भएकोले हैजाबाट संक्रमित हुँदैमा यति धेरै त्रसित हुनुपर्ने र पलायन नै गर्नुपर्ने अवस्था सिर्जित हुनु स्वभाविक मानिँदैन । यस्तो अवस्था आउनुमा नागरिकमा हैजा र सरसफाइसम्बन्धी चेतनाको अभाव र फोहोर तथा सरसफाइ व्यवस्थापनको जिम्मामा रहेका सरकारी निकायको कमीकमजोरी नै प्रमुख कारण हुन् । तीन तहका सरकार सञ्चालित रहँदा फोहोर पानी र सरसफाइको व्यवस्थापन हुन नसक्दा हैजा संक्रमणले नागरिकको मृत्यु हुनेसम्मको अवस्था देखापर्नु वास्तवमा विडम्बनापूर्ण छ । जनस्वास्थ्यप्रति संवेदनशील र प्रभावकारी देखिनुपर्ने सरकार वीरगञ्जको अवस्थाले आफ्नो जिम्मेवारी निर्वाहनमा कमजोर देखिएकै प्रष्टै छ । खैर आइपर्दाको अवस्थामा अहिले संक्रमण रोकथाम र नियन्त्रणका लागि प्रदेश र संघ सरकारको समन्वयमा महानगरपालिकाले देखाएको सक्रियता भने प्रशंसनीय छ । विद्यालयमा पठनपाठन स्थगित गर्नुका साथै पानीपुरी, चाट, चटपटे लगायतका खानेकुराको बिक्री वितरणमा रोक लगाएका तथा टोलटोलमा गएर जनचेतना फैलाउने र पानी परीक्षणका लागि सहकार्य गर्ने काम भएको छ। यस्तो कामले निरन्तरता पाउनुपर्छ । आशा गरौं वीरगञ्ज मात्र होइन हैजाको यो घटना देशमा कहींकतै नदोहोरियोस् भन्नेमा सरकार सचेत हुँदै ठोस नीति तथा कार्यक्रमसाथ अघि बढ्नेछ । स्वास्थ्यमन्त्री प्रदीप पौडेलले समेत हैजा प्रभावित क्षेत्रमा भ्रमण गरेर सरकारीस्तरमा हुने प्रयासमा कुनै कसर बाँकी नरहने बताएका छन्। तीनवटै तहको समन्वय र सहकार्यमा संक्रमण रोकथाम र नियन्त्रणको काम थालिएको छ । यसले बेलैमा हैजा संक्रमण नियन्त्रित हुने विश्वास गर्न सकिन्छ ।सफा पानी, सरसफाइ र स्वच्छताले यो रोग रोकथाम हुने भएकोले हैजाबाट बच्न खाना बनाउनु वा खानुअघि साबुनपानीले मिचीमिची हात धुने, राम्ररी पाकेको खाना मात्र खाने तथा बासी वा सडेगलेका खानेकुरा नखाने, पानी उमालेर वा क्लोरिन प्रयोग गरेर मात्र पिउने र खुला रूपमा सौच नगर्ने, सौचपछि साबुन पानीले हात धुने बानी बसाल्नुपर्छ । भनिन्छ, रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु बुद्धिमानी हुन्छ ।

## राशिफल

मेष - जिम्मेवारी हातपार्न सकिनेछ ।
वृष - सम्भावना खोजी गर्ने समय छ ।
मिथुन - कमजोरीको फाइदा उठाउन सक्छन् ।
कर्कट - अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला ।
सिंह - बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ ।
कन्या - लाभ हुने काम प्रारम्भ हुनेछ ।
तुला - व्यक्ति र साथीभाइले साथ दिनेछन् ।
वृश्चिक - नयाँ योजना थाल्न केही समय लाग्नेछ ।
धनु - प्रतिस्पर्धीबाट जोगिएर काम गर्नुहोला ।
मकर - बोली-व्यवहारमा सजग रहनुपर्ला ।
कुम्भ - काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला ।
मिन - अवसरका साथ चुनौती पनि देखा पर्नेछन् ।

# पाँच वर्षयता कति न्यायाधीश कारबाहीमा परे ?




**जिल्लाका न्यायाधीशहरु लोकजंग शाह, अनिलकुमार शर्मा र श्यामसुन्दर अधिकारीलाई क्रमश: २०७९ असार ३१, साउन २ र भदौ १४ मा पदमुक्त गर्न सिफारिस गरिएको थियो । न्याय परिषद्ले न्यायपरिषद् ऐन २०७३ को दफा १०, ११ र १२ बमोजिमका कैफियत देखिएको न्यायाधीशलाई पदमुक्त गर्दै आएको छ ।**

**काठमाडौं, भदौ १४ गते ।**
न्याय परिषदको तथ्याङ्क अनुसार पाँच वर्ष यता विभिन्न तहका ९ न्यायाधीश कारबाहीमा परेर पदमुक्त भएका छन् । खराब आचरण, कार्यक्षमताको अभाव, योग्यताको कारण देखाउँदै ती न्यायाधीशलाई न्याय परिषदले पदमुक्त गर्ने निर्णय गरेको थियो । पछिल्लो पाँच आर्थिक वर्षको तथ्याङ्क अनुसार तत्कालीन कामु प्रधान न्यायाधीश दीपककुमार कार्कीको कार्यकालयमा तीन जना जिल्ला न्यायाधीश र तीन जना उच्च अदालतका न्यायाधीश बर्खास्तमा परेका थिए ।

उच्च अदालतका न्यायाधीश रेणुका साहलाई न्याय परिषद्ले २०७९ असार २४ गते बर्खास्त गर्ने निर्णय गरेको थियो । पूर्व प्रधानन्यायाधीश रामकुमार साहको छोरी भएकै कारण शक्तिको आडमा तत्कालीन प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबराले रेणुका साहलाई उच्च अदालतमा न्यायाधीश नियुक्त गरेका थिए ।

कानुन व्यवसायीको प्रमाणपत्र भए पनि निरन्तर वकालत नगरेकी साह सीटीईभीटीमा जागिरे थिइन् । उनलाई टपक्क टिपेर उच्च अदालतको न्यायाधीश नियुक्त गरेपछि विवाद भएको थियो । साहको योग्यताको विषयलाई लिएर न्याय परिषद्मा उजुरी परेपछि छानबिन भएको थियो ।

न्याय परिषद् ऐन २०७३ मा कुनै व्यक्ति अयोग्य हुदाँहुदै न्यायाधीश पदमा नियुक्त भएको पाइएमा त्यस्ता व्यक्तिलाई न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशले पदमुक्त गर्न सक्ने व्यवस्था छ । न्याय परिषद् ऐन २०७३ को दफा ३२ ले आफ्नो योग्यता वा अयोग्यता ढाँटी कुनै व्यक्तिले न्यायाधीश पदमा नियुक्त लिएको जानकारी पाएमा प्रधान न्यायाधीशले कारबाही गर्न सक्ने र पछि भ्रष्टाचारको मुद्दासमेत दायर हुन सक्ने प्रावधान छ । सोही व्यवस्थामा टेकेर शाहलाई पदमुक्त गरिएको थियो ।

त्यस्तै उच्च अदालतकै न्यायाधीश नसरुल्लाह अन्सारीलाई कार्यक्षमता अभावको कारण देखाउँदै ३१ असार २०७९ मा न्याय परिषद्ले पदमुक्त गरेको थियो । २०७९ साउन २ मा उच्च अदालतका न्यायाधीश राकेशकुमार निधिलाई खराब आचरण देखिएको भन्दै बर्खास्त गरिएको थियो । निधिमाथि नाबालिगमाथि बलात्कार मुद्दामा खराब आचरण देखाएको आरोप थियो । साथै विदेशीले नेपाली नागरिकता पाएको विवादमा पनि कैफियतयुक्त फैसला गरेको आरोप उनीमाथि लागेको थियो ।

जिल्लाका न्यायाधीशहरू लोकजंग शाह, अनिलकुमार शर्मा र श्यामसुन्दर अधिकारीलाई क्रमश: २०७९ असार ३१, साउन २ र भदौ १४ मा पदमुक्त गर्न सिफारिस गरिएको थियो । न्यायाधीश शाहविरुद्ध नुवाकोट जिल्ला अदालतमा रहँदा जग्गाको विषयमा गरेको फैसलाउपर उजुरी परेको थियो ।

यसैगरी दार्चुला जिल्ला अदालतमा रहँदा बन्धक बनाई सामूहिक बलात्कार गरेको आरोपितमध्येका घटनास्थलबाटै पक्राउ परेका अभियुक्तलाई सफाइ दिएको विषय निकै विवादित बनेको थियो । बर्दिया जिल्ला अदालतमै छँदा सवारी ज्यान मुद्दामा उनले गरेको फैसला विवादित बनेको थियो । उनी सरकारी वकिलबाट न्यायाधीश भएका थिए । शाह त्यस समय बर्दिया जिल्ला अदालतमा कार्यरत थिए ।

न्यायाधीश शर्मा सिराहा जिल्लामा हुँदा विवादित बनेका थिए । न्यायाधीश अधिकारी न्यायिक विचलनमा परेर फैसला तथा आदेश गर्ने गरेको छानबिन समितिको निष्कर्ष थियो । न्यायाधीश अधिकारीमाथि पटक-पटक उजुरी परेको थियो ।

२०८० फागुन १३ मा उच्च अदालतका न्यायाधीश नवराज थपलिया र अम्बिकाप्रसाद निरौला बर्खास्त भए । धनुषाका जिल्ला न्यायाधीश पर्शुराम भट्टराईले छानबिन चल्दाचल्दै राजीनामा दिए । न्यायाधीश भट्टराईविरुद्ध एकभन्दा बढी उजुरी परेका थिए । हत्या तथा अपहरण मुद्दाका प्रतिवादीलाई सफाइ दिएपछि धनुषा बारले उनको इजलाससमेत बहिष्कार गरेको थियो ।

यसैगरी, बलात्कारको एक मुद्दामा सफाइ दिँदा पनि उनी विवादमा तानिएका थिए । बर्खास्तीका परेका जिल्ला न्यायाधीश अम्बिकाप्रसाद निरौलालाई कार्यक्षमता अभाव र मुद्दामा मोलाहिजा गरेको भन्दै परेको उजुरीको आधारमा न्याय परिषद्ले बर्खास्त गर्ने निर्णय गरेको थियो । दुई वर्षदेखि जिम्मेवारीविहीन बनाएर उनलाई न्याय परिषद् तानिएको थियो । उच्च अदालतका न्यायाधीश थपलियालाई भने तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराका लागि घुस लेनदेनमा बिचौलियाको काम गरेको आरोप लागेको थियो ।

तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरासँग निकट रही झगडियासँग भेटघाट गरी रकम लिएर उनीहरूकै पक्षमा मुद्दामा फैसला गराइएको आरोप थपलियामाथि लागेको थियो ।

न्याय परिषदमा परेको उजुरीमा पनि थपलियाले झगडियासँग कुराकानी गरेको, रकमको मोलाहिजा गरेको र फैसला प्रभावित बनाएको उल्लेख थियो । ती उजुरीसँगै केही अडियो प्रमाण तथा कल डिटेल्स पनि समावेश गरिएको परिषद् स्रोतको दाबी थियो । न्याय परिषद् ऐन, २०७३ को दफा १७ अनुसार थपलियाको सम्बन्धमा परेको उजुरीमाथि छानबिन भई दफा १८ बमोजिम प्रारम्भिक छानबिन भएको थियो । सर्वोच्च अदालतका न्यायाधीश तिलप्रसाद श्रेष्ठको संयोजकत्वमा भएको छानबिनले उनलाई कारबाहीको सिफारिस गरिएको थियो । अन्य न्यायाधीशको हकमा न्याय परिषद् ऐन, २०७३ को दफा १९ बमोजिम जाँचबुझ समिति गठन भएको भए पनि थपलियाको हकमा जाँचबुझ समिति गठन गरिएको थिएन । यद्यपि परिषद् बैठकले उनलाई बर्खास्तको निर्णय गर्दै कार्यान्वयनका लागि प्रधान न्यायाधीशसमक्ष सिफारिस गरेको थियो ।

न्याय परिषद्ले न्यायपरिषद् ऐन २०७३ को दफा १०, ११ र १२ बमोजिमका कैफियत देखिएको न्यायाधीशलाई पदमुक्त गर्दै आएको छ । दफा १० मा न्यायाधीशको कार्यक्षमता अभावको विषय उल्लेख छ भने दफा ११ मा खराब आचरण वा आचारसंहिताको गम्भीर उल्लंघन गरेमा र दफा १२ मा इमानदारीपूर्वक कर्तव्य पालना नगरेमा वा बदनियतपूर्वक काम गरेमा कारबाही गर्न सक्ने व्यवस्था छ ।

**न्याय परिषद् तानिएका चार न्यायाधीशमाथिको छानबिन अन्तिम चरणमा**

न्याय परिषद्ले उच्च र जिल्ला अदालतका दुई-दुई न्यायाधीशमाथि गरेको छानबिन अन्तिम चरणमा पुगेको छ । परिषद्ले कांग्रेसका नेता मोहम्मद आफताब आमललाई ज्यान मार्ने कसुरमा मुद्दामा सफाइ दिएका जनकपुर उच्च अदालत वीरगन्जका न्यायाधीश खुसीप्रसाद थारु र अर्जुन महर्जनमाथि छानबिन गरिरहेको छ । यी दुई न्यायाधीश रहेको संयुक्त इजलासले गत जेठ १४ मा आलमको मुद्दामा प्रमाण नपुग्ने भन्दै सफाइ दिएको थियो । सफाइ पाएसँगै आलम रिहा भएका थिए । चौतर्फी दबाब बढेपछि न्याय परिषद्ले सर्वोच्चका न्यायाधीश विनोद शर्मालाई यसबारे छानबिनका लागि जिम्मा दिएको छ ।

रसुवा जिल्ला अदालतका न्यायाधीश भुवनसिंह थापा र दार्चुलाका न्यायाधीश पुष्पराज पाण्डे भने खराब आचरणको उजुरीका कारण छानबिनमा तानिएका हुन् । रसुवाका न्यायाधीश थापाले सेवाग्राही महिलालाई 'यौन प्रस्ताव' को सन्देश पठाएको पाइएपछि न्याय परिषद्ले छानबिनका लागि काठमाडौं तानेको थियो । बहुविवाहको मुद्दा खेपिरहेकी महिलासँग सरकारी वकिलमार्फत नजिकिएर थापाले 'यौन प्रस्ताव' गरेको उजुरी परिषद्मा परेको थियो ।

यस्तै दार्चुला जिल्ला न्यायाधीश पाण्डेविरुद्ध जिल्ला अदालतका १३ कर्मचारीले उजुरीसहित सामूहिक राजीनामाको खबर सर्वोच्च अदालतमा पठाएपछि छानबिनका लागि तानिएको हो । कर्मचारीहरूले उनको आचरणमा प्रश्न उठाएका छन् ।

न्याय परिषद्का एक सदस्यका अनुसार छानबिन समितिले जिल्ला र उच्चको फैसला, न्याय परिषद्मा दर्ता भएको उजुरी अध्ययन तथा फैसलामा संलग्न न्यायाधीशहरूको बयान, पीडित र जिल्ला सरकारी वकिल कार्यालयका कर्मचारीसँग बयान लिइसकेको छ । छानबिन प्रक्रिया अन्तिम चरणमा पुगेको ती सदस्यले बताए । *राटोपाटी*

# राजधानी केन्द्रित आन्दोलनबाट...

थप अनुदान दिनुपर्छ । अनि मात्रै किसानले लागत आधारमा उखुको मूल्य प्राप्त गर्नेछन् ।

उखु उत्पादक किसान संघ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाले सरकार, उद्योग र किसानको संयुक्त बैठकले उखुको मूल्य तय गर्नुपर्ने बताए । सरकार र उद्योगीले एकतर्फी मूल्य तोक्दा किसान मारमा पर्दै आएको उनको भनाइ छ । यसपाली खेतमा तयारी हुन लागेको उखुको मूल्य तत्काल तोक्नुपर्ने माग राखेका छन्, केन्द्रीय उखु संघर्ष समितिका संयोजक श्यामबाबु रायले ।

उनले भने, 'उखु खेतमा पाकेपछि बल्ल भाउ तोक्ने सुरसार हुन्छ । उखु सुकेर दाउरा बन्दा किसानलाई घाटैघाटा हुन्छ ।'

**साढे ७५ लाख अनुदान रकम निकासा**

सरकारले कटौतीपछि कायम गरेको प्रतिक्विन्टल ३५ रुपैयाँका दरले अर्थ मन्त्रालयले अनुदान रकम निकासा गरिसकेको छ । अर्थ मन्त्रालयले ७५ करोड ४९ लाख ३८ हजार रुपैयाँ निकासा गरेको हो ।

निकासा गरिएको रकम जिल्लास्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयमार्फत किसानको बैंक खातामार्फत भुक्तानी हुने कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

गत आर्थिक वर्ष २०८१/८२ मा देशका १३ वटा चिनी मिलमा किसानहरूले २ करोड १५ लाख ७२ हजार १ सय ४८ क्विन्टल उखु खरिद गरेका थिए ।

# होटल व्यवसायी महासंघ...

विस्तार, सेवा गुणस्तर अभिवृद्धि तथा आन्तरिक-बाह्य पर्यटक आकर्षणलाई प्राथमिकतामा राखेर महासंघले ८ वटै जिल्लामा काम गरिरहेको बताए । मधेश प्रदेशभित्र एकहजार भन्दा बढी होटल रहेको तथ्यांक देखाउँदै अध्यक्ष गौतमले मधेश प्रदेश सरकारले वेबसाइट बनाइरहेको र त्यसमा प्रदेशभित्रका सबै होटलहरुको लिस्टिङ् गरिने जानकारी दिए ।

होटल व्यवसायी समेत रहेका मिथिला उद्योग वाणिज्य संघका अध्यक्ष तेजनारायण साह(सन्तोष)ले पर्यटकलाई कुनै पनि बहानामा दुख दिने प्रवृति असह्य रहेको उल्लेख गरे । कतिपय होटलहरुमा अनैतिक क्रियाकलाप भइरहेको समाचारहरु बारम्बर मिडियाहरुमा आईरहेकोप्रति चिन्ता व्यक्त गर्दै अध्यक्ष साहले केही होटल व्यवसायीका कारण समग्र होटल व्यवसायीहरुको प्रतिष्ठामाथि आँच आउने हुँदा त्यसलाई रोक्न सबैको सक्रियता आवश्यक रहेको औंल्याए ।

होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका अध्यक्ष गुञ्जबहादुर कार्कीले सीमा क्षेत्रमा सबै प्रक्रिया पूरा गरेर नेपाल आउने भारतीय पर्यटकलाई चेकजाँचको नाममा ठाउँठाउँमा दुख दिएको टिप्पणी गरे । 'भारतीय गाडी देख्नै नसक्ने कस्ता ट्राफिक प्रहरी ?,' प्रश्न गर्दै अध्यक्ष कार्कीले भने ।

कार्यक्रमका अधिकांश वक्ताहरुले नेपाल भित्रिने भारतीय पर्यटकहरुलाई ट्राफिक प्रहरीले अनावश्यक दुख दिएको भन्दै आपत्ति जनाएका थिए । कार्यक्रममा मिथिला नगरपालिकाकी उपप्रमुख सुनितासिंह बुढाथोकी, नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशका संरक्षक सल्लाहकार विजय झुनझुनवाला, जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी लगायत संघका आठै जिल्लाका अध्यक्ष तथा होटल व्यवसायीहरुको उल्लेख्य सहभागीता रहेको थियो ।

**सामुदायिक रेडियो दर्पण**

**८८.४ मेगाहर्ज**

**बर्दिबास–३ गौरीडाँडा, महोत्तरी**

**बिहान ५ बजेदेखि राति ११ बजेसम्म**

समाचार, विज्ञापन, सल्लाह

सुझाव र प्रतिक्रियाको लागि

सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

**झाडापखाला, हैजा र डेंगीबाट बचौं**

**अविरल परिरहेको वर्षाले झाडापखाला, हैजा र डेंगीको खतरा बढेको छ । तसर्थ, झाडापखाला र हैजाबाट बच्न:**

- सधैं पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं
- व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई) मा ध्यान दिऔं
- बासी सडेगलेका खानेकुरा नखाऔं
- खानालाई छोपेर राखौं
- काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यान पुर्याऔं



**साथै खुल्ला स्थानमा दिसापिसाब नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचि मिचि हात धोऔं ।**

**साथै एडीस जातका लामखुट्टेको (कालो-सेतो छिर्केमिर्के देखिने) टोकाईबाट सर्ने**

**डेंगी रोगबाट बच्न:**



- आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फुल पार्ने भएको हुँदा पानी जम्न नदिऔं
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं
- सुत्ने बेला सुत्दा झुलको प्रयोग गरौं
- पुरै शरिर ढाक्ने लुगा लगाऔं र सचेत रहौं।

**सोनमा गाउँपालिका**

**सोनमा, महोत्तरी**

# 'मिस नेपाल २०२५' को उपाधि लुना लुइँटेललाई

**काठमाडौं :** 'मिस नेपाल २०२५' को उपाधि लुना लुइँटेलले हात पारेकी छिन् ।

आयोजक संस्था 'द हिडन ट्रेजर'ले शनिबार ललितपुरको गोदावरीस्थित सनराइज कन्भेन्सन सेन्टरमा आयोजित फिनालेमा यसवर्षको मिस नेपाल उपाधि लुइँटेललाई घोषणा गरेको हो ।



उनलाई पूर्वमिस नेपाल आस्माकुमारी केसीले ताज लगाइदिइन् । काठमाडौंसहित मुलुकका विभिन्न सहरमा आयोजना गरिएको अडिसनमार्फत २६ जना फाइनलिस्ट थिए । जसमध्ये थर्ड रनर अप तथा मिस नेपाल अर्थ सोनि घले, सेकेन्ड रनर अप एवं मिस इनटरनेशनल उरुषा भण्डारी भइन् ।

# गृह पुस्तकालय अभियानले...

खड्का, ॐकार टेलिभिजनका जीवनराज दहाल र नारी श्रष्टा समाज महोत्तरीकि अध्यक्ष जमुना पोखेलले "पठनसँस्कृतिको सम्बर्द्धन : सम्भावना र चुनौती" विषयमा आआफ्नो विचार ब्यक्त गरेका थिए ।

कार्यक्रमका वक्ताहरुले विद्यालय, महाविद्यालय, विश्वविद्यालय र सामुदायिक पुस्तकालयहरूको सञ्जाल पठन संस्कृतिको आधार बन्न सक्नेमा जोड दिए । "पढ्ने बानी, उज्यालो भविष्य" जस्ता अभियानहरू समाजमा समाजमा सञ्चालन गर्न सके पठनलाई सामूहिक अभ्यास बनाउने आधार तयार गर्न सकिने सम्भावनालाई वक्ताहरूले स्वीकार गरे ।

सामाजिक सञ्जाल, भिडियो मनोरञ्जन र छोटा कन्टेन्टप्रतिको मोहले लामो पठन संस्कृतिमा चुनौती खडा गरेको छ । गाउँ-बस्तीमा पुस्तक पाउन गाह्रो हुनु र पुस्तकहरूको मूल्य महँगो हुनुले पनि पठनसँस्कृतिमा अवरोध पुर्‍याएको छ। विद्यार्थीहरू परीक्षा-केन्द्रित अध्ययनमा मात्र सीमित हुँदा पठन संस्कृतिलाई जीवनशैली बनाउन कठिनाइ हुन्छ। पठनलाई राष्ट्रिय प्राथमिकतामा नराख्दा पुस्तकालय र पठन कार्यक्रमहरू कमजोर बन्दै गएकाले पठनसँस्कृतिको प्रवर्द्धनमा अवरोध पुगेको विचार वक्ताहरूले ब्यक्त गरे ।

पठनलाई केवल शैक्षिक दायित्व नभई व्यक्तिगत विकास र जीवनको निरन्तर अभ्यासका रूपमा लिन सकेमा मात्र सशक्त र सचेत समाज निर्माण हुने विश्वास व्यक्त गर्दै अभियानका मधेश प्रदेश संयोजक प्रेम घिमिरेले यसका लागि लाइब्रेरी फाउन्डेशन नेपालले सञ्चालन गरेको गृह पुस्तकालय अभियान कोशेढुङ्गा सावित हुने उल्लेख गरे । उनले मधेसमा गृह पुस्तकालय अभियानले छोटो समयमा गति लिन सफल भएको बताए ।

# आत्मनिर्भरता बढाउन अवसर सिर्जना...

खेल्नुपर्नेमा जोड दिईन् । "महिलामा उद्यमशीलताको विकास गर्नु व्यक्तिगत सफलता होइन् । सिङ्गो देशको अर्थतन्त्रलाई सुदृढ गराउनु पनि हो", उनले भनिन् ।

"महिला आफू सक्षम बनेर आगामी पुस्तालाई प्रेरणा दिनेगरी अगाडि बढ्नुपर्छ", उनले भनिन्, "हाम्रो समाजमा अझै बाँकी रहेको लैङ्गिक असमानता, पूर्वाग्रह र अवरोधहरूलाई तोड्दै समाज परिवर्तनमा सकारात्मक र उपयोगी भूमिका निर्वाह गर्दै जानुपर्छ ।"

पूर्वराष्ट्रपति भण्डारीले महिला आत्मविश्वासी भएर सकारात्मक सोत र योजनासहित अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याईन् । उनले महिला आत्मनिभएर भए मात्रै क्षमता अभिवृद्धिसँगै नेतृत्वमा जानसक्ने धारणा राखिन् । "समाजमा महिलाको योगदानलाई अपेक्षित गरिँदै आइएको छ । त्यसैले हामीले महिला नेतृत्व गर्न, उद्यम गर्न र समाज रुपान्तरण गर्न पूर्णरूपमा सक्षम छन् भनेर प्रचारप्रसार गर्न जरुरी भइसकेको छ", उनले भनिन्, "महिलालाई प्रवर्द्धन र संवर्द्धन गर्न सकेको खण्डमा मात्रै प्रभावकारी ढङ्गले महिला उद्यमशीलताको विकास हुनेछ ।"

पूर्वराष्ट्रपति भण्डारीले महिलाको त्याग र समर्पणलाई सस्थागत गरेर अवसरहरू सिर्जना गरे मात्रै महिलामाथि सम्मान हुने धारणा राखिन् । मुलुकको बढ्दो व्यापार घाटालाई न्यूनीकरण गर्न आयात प्रतिस्थापनको नीति अपनाएर स्वदेशी उत्पादनमा जोड दिनुपर्ने उनले बताईन् । "हामीले यहाँको प्राकृतिक स्रोत, जनशक्ति र सांस्कृतिक विविधतालाई सही ढङ्गले उपयोग गरेर मुलुकलाई आत्मनिर्भरताको बाटोमा अघि बढाउनुपर्छ", पूर्वराष्ट्रपति भण्डारीले भनिन्, "नेपालमा भएका स्रोतसाधनको दिगो तथा विवेकपूर्ण उपयोगबाट आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने अवसर हामीसँगै रहेकाले सोको उपयोग गर्न जरुरी छ ।"

सम्मेलनको संयोजक डा. लक्ष्मी थापाले यस्ता खालका कार्यक्रमले महिलाको उद्यमशीलता विकासका लागि सहयोग पुग्ने विश्वास व्यक्त गरिन् ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरि गौतमले महिला उद्यमशीलताको विकासका लागि महिलालाई अवसरसँगै घरघरबाट उद्योग-व्यवसाय सञ्चालन गर्नुपर्नेमा जोड दिए । "पछिल्लो समय महिला उद्यमशीलताको विकास द्रुत गतिमा भइरहेको छ । यसलाई अझै प्रवर्द्धन र संवर्द्धन गर्न राज्यका विभिन्न निकायले सहयोग गर्नुपर्ने जरुरी छ", उनले भने । रासस

**"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान**

**खर्गा दन्त उपचार केन्द्र प्रा.लि.**

**बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी** ☏ ९८४४३१२२४६

(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

**डा. गंगाराम खर्गा**

वरिष्ठ डेन्टल सर्जन

BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

**डाक्टर भेटने समय :** प्रत्येक दिन बिह(ान ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

# आत्मनिर्भरता बढाउन अवसर सिर्जना गर्नुपर्छ : पूर्वराष्ट्रपति भण्डारी



**वीरगञ्ज, भदौ १४ गते ।**
पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले महिला उद्यमशीलतालाई सम्मान गर्दै आत्मनिर्भरतातर्फ अघि बढाउन महिलाका लागि अवसरहरू सिर्जना गर्नुपर्नेमा जोड दिएकी छिन् ।

वीरगञ्ज उद्योग वाणिज्य संघद्वारा शनिवार आयोजित 'नारीः शक्ति, समर्पण र सम्मान' विषयक बृहत् महिला सम्मेलनको उद्घाटन गर्दै पूर्वराष्ट्रपति भण्डारीले परिवार निर्माणदेखि उद्योग-व्यवसाय, शिक्षा, स्वास्थ्य र सामाजिक रुपान्तरणसम्म महिलाको योगदान सधैँ अग्रपङ्क्तिमा रहँदै आएको बताईन् । उनले महिलालाई आत्मनिर्भर बनाउन अवसरसँगै सबैको ऐक्यबद्धता आवश्यक पर्ने खाँचो औँल्याईन् ।

उनले महिला शक्ति केवल परिवारको हिस्सा मात्रै नभएर सम्पूर्ण समाजको प्रगतिको आधार भएकाले महिला उद्यमशीलतालाई सम्मान र प्रोत्साहन गर्नुपर्ने धारणा व्यक्त गरिन् ।

पूर्वराष्ट्रपति भण्डारीले वीरगञ्जजस्तो व्यापारिक केन्द्रमा उद्यमशीलताको विकास गर्न महिला नेतृत्वले अग्रणी भूमिका

*- बाँकी पृष्ठ ३ मा*

# 'वेपत्ताहरूको खोजी अघि बढाउन आग्रह'

**काठमाडौँ, भाद्र १४ गते ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले बेपत्ताहरूको खोजीसहित आवश्यक अन्य कार्य प्रभावकारी रूपमा अघि बढाउन आग्रह गरेको छ ।

बेपत्ता पारिएका व्यक्तिहरूको अन्तरराष्ट्रिय दिवस' का सन्दर्भमा शनिवार उनले बेपत्ताहरूप्रति सम्मान व्यक्त गर्दै बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगलाई तत्काल खोजी गरी उनीहरूको अवस्था सार्वजनिक गर्न आग्रह गरेको हो ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि बेपत्ता भएकाहरूको कीर्तिमानी योगदानको स्मरण गर्दै अध्यक्ष दाहालले बेपत्ता व्यक्तिका परिवारलाई उचित सम्मान, सेवा, सुविधा र सहुलियत प्रदान गर्न सरकारसँग माग गरे ।

उनले भने, "यस अवसरमा विस्तृत शान्ति सम्झौताको दफा ५ को २ को (५) बमोजिम, नेपालको अन्तरिम संविधान-२०६३ को धारा ३३ र संविधानको धारा ३०४ (२) को व्यवस्थालाई तत्काल कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराउँदछु ।"रासस

# 'नेपाल-भारत क्रस बोर्डर मिडिया कन्क्लेभ' सम्पन्न

**वीरगञ्ज, भाद्र १४ गते ।**
मिडिया फर बोर्डर हार्मोनी, नेपालले शनिवार वीरगञ्जमा आयोजना गरेको 'नेपाल-भारत क्रस बोर्डर मिडिया कन्क्लेभ २०२५' ले १७ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ ।

कन्क्लेभको घोषणापत्र जारी गर्दै पत्रकार क्रान्ति शाहले कन्क्लेभले दुवै मुलुकबीचको साझा मुद्दा खोजी गरेर सार्वजनिक गर्ने र ती मुद्दा दुवै मुलुकका सरकार र सम्बन्धित निकायबाट सम्बोधनका लागि पहल गर्ने निष्कर्ष रहेको बताए ।

यस्तै, गलत सूचना र दुष्प्रचारको समस्याबाट मिडियालाई जोगाएर तथ्यपूर्ण 'रिपोर्टिङ'का लागि सक्रिय हुने, दुवै देशका नागरिकका वास्तविक समस्यालाई उजागर गर्ने, समाजमा द्वन्द्व वा वैमनश्यता उत्पन्न हुनसक्ने विषयमा संवेदनशील बन्नेलगायत विषय घोषणापत्रमा समेटिएका छन् ।

कार्यक्रममा मधेस प्रदेश आमसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष श्यामसुन्दर यादवले यस्ता खालका रचनात्मक कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिनका लागि अनुरोध गरे ।

मिडिया फर बोर्डर हार्मोनी, भारतका अध्यक्ष अमरेन्द्र तिवारीले यस्ता खालका सम्मेलन आगामी दिनमा पनि नियमित रूपमा सञ्चालन गरेर दुवै मुलुकबीच थप सम्बन्ध विस्तार गर्ने बताए ।

कार्यक्रममा खानेपानीमन्त्री प्रदिपकुमार यादवले नेपाल र भारतको सम्बन्धलाई अझै प्रगाढ बनाउँदै लैजाउनुपर्ने बताए । उनले कन्क्लेभले पारित गरेको घोषणापत्रले दुवै मुलुकबीच थप सम्बन्ध विस्तारको वातावरण बनाउन सहयोगी भूमिका निर्वाह गर्नुपर्ने बताए ।

मन्त्री यादवले कतिपय भारतीय मिडियाले नेपाल र भारतबीचको सम्बन्धलाई बिगार्ने गरी विभिन्न खालका अफवाह फैलिने गरी समाचार सम्प्रेषण गर्दा समस्या हुनेतर्फ सहज रहन आग्रह गरे । रासस

# गृह पुस्तकालय अभियानले मनायो पुस्तकालय दिवस

**नारायण घिमिरे**
**बर्दिबास, भाद्र १४ गते ।**
नेपाल लाइब्रेरी फाउन्डेशन गृह पुस्तकालय अभियान मधेस प्रदेश समन्वय समिति १८ औं राष्ट्रिय पुस्तकालय दिवस मनाएको छ । शनिवार अभियानले महोत्तरीको बर्दिबासस्थित देउराली माविको सभाकक्षमा 'पठनसंस्कृति प्रवर्द्धन : सम्भावना र चुनौती' विषयक अन्तरक्रिया कार्यक्रम गरेर १८ औं राष्ट्रिय पुस्तकालय दिवस मनाएको हो । नेपाल लाइब्रेरी फाउन्डेशन गृह पुस्तकालय अभियान मधेस प्रदेश समन्वय समितिको आयोजना र महोत्तरी जिल्ला समन्वय समितिको सहआयोजना उक्त अन्तरक्रिया कार्यक्रम गरिएको बताइएको छ ।




मधेस प्रदेश समन्वय समिति संयोजक प्रेम कुमार घिमिरेको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रलेस मधेस प्रदेशका अध्यक्ष नारायण घिमिरे, बुढ्यौली साहित्य समाज सिरहाका अध्यक्ष गणेश अधिकारी, गृह पुस्तकालय अभियान धनुषाका संयोजक गणेश तिमल्सिना 'गति', मिथिला साहित्य प्रतिष्ठान धनुषाका अध्यक्ष विपिराज दाहाल, सिस्नुपानी नेपाल महोत्तरीका अध्यक्ष नारद काफ्ले, बलेसी साहित्य समाज महोत्तरीका अध्यक्ष भिम राउत, प्रलेस रौतहटका अध्यक्ष राम प्रसाद आचार्य, बर्दिवास साहित्यिक सास्कृतिक प्रतिष्ठानका अध्यक्ष रामचन्द्र पौडेल, सैनिक आवासीय महाविद्यालयका लाइब्रेरीयन कृष्ण भण्डारी, जनजागृती पुस्तकालय रौतहटका अध्यक्ष कुल शेखर पहाडी, मा.वि. भंगाहाका शिक्षक लिलानाथ गौतम, मा.वि. कृष्णपुरका प्र.अ. सुदर्शन आचार्य, सैनिक आवासीय महाविद्यालयका मदन सुन्दास, देउराली मा.वि.का स.प्र.अ. सरोज मिश्र, गृह पुस्तकालय अभियान गणेशमान चारनाथ नगर संयोजक गोविन्द

*- बाँकी पृष्ठ ३ मा*

# समाजवाद निर्माणबारे बहस हुनेछ : उपमहासचिव ज्ञवाली

**काठमाडौँ, भाद्र १४ गते ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपमहासचिव प्रदीपकुमार ज्ञवाली पार्टीको आसन्न दोस्रो विधान महाधिवेशनमा नेपाली विशेषतासहितको समाजवाद निर्माणबारे बहस हुने बताएको छ ।

प्रेस चौतारी नेपालले शनिवार काठमाडौंमा आयोजना गरेको दोस्रो विधान महाधिवेशनसम्बन्धी पत्रकारहरूसँग संवाद कार्यक्रममा उनले महाधिवेशनमा नेपाली समाजको आर्थिक र वर्गीय विश्लेषण हुने बताए । "नेपाली विशेषताको समाजवादका बारेमा महाधिवेशनमा छलफल हुनेछ । समाजवाद निर्माणका लागि कस्तो पार्टी बन्ने भन्ने पनि बहस हुनेछ", उपमहासचिव ज्ञवालीले भने ।



जनताको बहुदलीय जनवादलाई पार्टीले मार्गदर्शन सिद्धान्तका रूपमा अगाडि बढाएको भन्दै उपमहासचिव ज्ञवालीले अब मुलुकको समृद्धिका लागि जबजलाई समानुकूल बनाएर लैजान जरुरी रहेको बताए ।

उनले महाधिवेशनमा संसदीय निर्वाचनमा पार्टीले बनाएका घोषणापत्रले पारेका प्रभावमाथि चर्चा हुने र पार्टी अध्यक्ष केपी शर्मा ओलीले प्रस्तुत गर्ने राजनीतिक प्रतिवेदन पार्टी र राष्ट्र निर्माणको मागदर्शनका रुपमा रहने बताए ।

उपमहासचिव ज्ञवालीले विधान संशोधन प्रस्ताव प्रतिवदेनमा मातहतका कमिटीबाट सुझाव आइरहेकाले यही भदौ १९ गते बस्ने पार्टीको केन्द्रीय समिति बैठकले थप सुझावसहित महाधिवेशनमा पेस गर्ने जानकारी दिए ।

उनले पार्टीभित्र विवाद हुनुपर्ने कुनै कारण नै नभएको उल्लेख गर्दै पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीप्रति पार्टीको उच्च सम्मान र मूल्याङ्कन रहेकाले अभिभावकीय भूमिका बस्न आग्रह गरे ।

प्रेस चौतारीका अध्यक्ष गणेश पाण्डेले महाधिवेशन सफल बनाउन चौतारीले प्रचारप्रसार कामलाई अगाडि बढाएको बताए । कार्यक्रममा एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतम, एमाले सङ्गठन विभाग प्रमुख काशिनाथ अधिकारी, प्रेस चौतारीका पूर्वअध्यक्ष गणेश बस्नेत, प्रेस काउन्सिल नेपालका सदस्य निमा काफ्लेलगायतको उपस्थिति रहेको थियो । रासस

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री